# ९ पवित्र आत्मा र चर्च

***यस अध्यायका मूल पदहरू:*** एफिसी १:२२,२३, १ कोरन्थी १२:१३, रोमी ६:३-७, प्रेरित १७:११, एफिसी ४:५,६ र प्रेरित २:४-११।

***यस अध्यायका सम्झनुपर्ने मूल सार पद:*** "पवित्र आत्माले तिमीहरूलाई हरतरहले एक बनाउनुहुन्छ। त्यसकारण सकेसम्म एक भएर बस्न तिमीहरू धेरै कोशिश गर। शान्तिले तिमीहरूलाई एकत्रित राखोस्। एउटा शरीर छ। एउटा आत्मा हुनुहुन्छ। जब तिमीहरूलाई चुनियो तब तिमीहरूलाई एउटै आशाको स्थापना गर्न नियुक्ति गरिएको थियो। केवल एक मात्र प्रभु हुनुहुन्छ। एउटै विश्वास अर्थात् आस्था छ र एउटै बप्तिस्मा।" (एफिसी ४:३-५ रूपान्तरित)।

पवित्र आत्मा विश्वासीको जीवनमा केवल एक एक पल्ट मात्र काम गर्नुहुन्छ भनेर कहिलेकाहीँ हामी सोच्दछौं। मानिसहरूको व्यक्तिगत जीवनमा पवित्र आत्माले काम गर्नुहुन्छ। यसमा विवाद छैन। त्यसरी विश्वास गर्ने विश्वासीहरू चर्चको आत्मिक समूदायका जग हुन्। तर ख्रीष्टको चर्चको जीवनलाई परिचालन गर्ने अभिभारा पवित्र आत्माले पनि बोक्नुभएको छ।

हामीले परमेश्वरको निम्ति काम गर्ने आधारमा चर्च जीवन जीवित रहन्छ र चर्च बढ्छ भनेर प्रायजसो हामी सोच्दछौं। निःसन्देह चर्चको निम्ति परमेश्वरले गर्नु भएको महिमित योजना सफल होस् भनेर उहाँले चाहनुहुन्छ। तर हामीहरूको मूख्य कारणले चर्चको अस्तित्व हुन गएको होइन। असल अगुवाहरू र असल संगठनले चर्च जीवित भइरहेको छ भन्न पनि मिल्दैन। हो, ती सबै थोकहरू हुन जरुरी छ। तर परमेश्वरले पवित्र आत्माद्वारा जे गर्नुभयो त्यसको कारणले चर्च जीवित भएको छ। र परमेश्वरले पवित्र आत्माद्वारा निरन्तररूपमा जे गरिरहनुभएको छ त्यसले गर्दा चर्च जीवित र सक्रिय भएको हुन्छ।

पवित्र आत्माले आत्मिक समूदाय र चर्चमा सङ्गतिको सृजना गर्नुहुन्छ। चर्चको जगको आधिकारिक प्रभुत्व बाइबल हो। तर पवित्र आत्माले मानिसहरूलाई प्रेरणा दिनुभएर बाइबल लेखिएको हो। त्यसैवखत मानिसहरू बाइबलसम्मत जीवन बिताउन पवित्र आत्माले अगुवाई गर्नुहुन्छ।

चर्चमा हुने विश्वासको एकताको जग बाइबल हो। पवित्र आत्माको काम बिना चर्च हुँदैन। पवित्र आत्माबिना सारा संसारमा सुसमाचार फैलिन सक्दैन।

## १. पवित्र आत्माले येशू ख्रीष्टसँग एक बनाउनुहुन्छ (१ पत्रुस २:६,७)

हामी विश्वासीहरूको बीचमा एकता ल्याउन पवित्र आत्माले धेरै तरिकाहरूद्वारा काम गर्नुहुन्छ। प्रथमतः पवित्र आत्माले हामीलाई येशूसँग एकताको सुत्रमा बाँड्नुहुन्छ। त्यही एकताले गर्दा चर्चको अस्तितत्व रहेको छ। येशू ख्रीष्ट चर्चको शिर हुनुभएको छ (एफिसी १:२२,२३, ५:२३)। त्यसले गर्दा चर्चको शिर, ख्रीष्टमा एक भएर गाँसिन पवित्र आत्माले सहायता गर्नुहन्छ।

येशू ख्रीष्टमा एक हुनु नै मुक्तिबाट पाइने सबै आशिषहरूको सुरूवात हो। त्यो किनभने हामीमा भएको प्रभुका सबै थोकहरू पवित्र आत्माद्वारा नै आउँदछन्। जब हामी येशू ख्रीष्टमा एक हुन्छौं तब हामीहरू सबै परमेश्वरका छोराछोरीहरू वा राजकुमार राजकुमारीहरू बन्छौं। येशूमा एक हुँदा हामीहरूले हामीहरूको पाप तथा अधर्मबाट क्षमा पाउँछौं र उहाँले हामीहरूलाई सफा र शुद्ध बनाउनुहुन्छ। जब हामी उहाँमा एक हुन्छौं तब हामी पवित्र हुन्छौं वा सन्तको रूप धारण गर्छौं जसले गर्दा हामीहरूले पापलाई नियन्त्रण गर्ने शक्ति पाउँछौं।

जब येशू ख्रीष्ट दोस्रो पल्ट आफ्नो महिमामा आउनुहुन्छ तब हामीहरूको नाशवान शरीर र हामीहरूका स्वभावहरू परिवर्तन हुनेछ। यो परिवर्तन येशू ख्रीष्टमा एक हुँदाको नतिजा हुनेछ। त्यसले गर्दा हामीहरूको सम्पूर्ण इसाई जीवनको जग ने अरू कोही नभएर येशू ख्रीष्ट नै हुनुपर्छ।

चर्चलाई सृजना गर्न येशू ख्रीष्ट र पवित्र आत्माले कस्तो काम गर्नुभएको थियो भनेर देहायका पदहरूले हामीहरूलाई कसरी बताउँछन्? हेर्नुहोस्: एफिसी २:१४-२२ "१४ किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ, र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ। १५ र उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू र धार्मिक-विधानहरूसमेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ, कि यी दुईका सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस सृष्टि गरून्, र यसरी शान्ति स्थापना होस्। १६ अनि उहाँले क्रूसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो। १७ उहाँले आएर तिमी टाढ़ा भएका र नजिक भएकाहरूलाई मिलापको सुसमाचार सुनाउनुभयो, १८

किनकि उहाँद्वारा नै हामी दुवैले एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं। १९ यसरी अब तिमीहरू विदेशी र प्रवासी होइनौ, तर सन्तहरूसँग तिमीहरू सङ्गी-नागरिक र परमेश्वरको परिवारका सदस्यहरू भएका छौ। २० त्यो घराना प्रेरितहरू र अगमवक्ताहरूको जगमाथि बसालेर निर्माण भएको छ, र ख्रीष्ट येशू आफैचाहिँ मुख्य कुने-ढुङ्गो हुनुहुन्छ। २१ उहाँमा पूरै घर ठीकसँग एकैसाथ जोडिएर प्रभुमा एउटै पवित्र मन्दिर हुनलाई बढ्दैजान्छ। २२ अनि पवित्र आत्मामा परमेश्वरको वासस्थान हुनलाई तिमीहरू पनि उहाँमा एकसाथ निर्माण हुँदैजान्छौ।" र १ पत्रुस २:४-७ "४ उहाँकहाँ जाओ, जो जीवित पत्थर हुनुहुन्छ। मानिसहरूबाट इन्कार हुनुभएको, तर परमेश्वरको दृष्टिमा उहाँ चुनिनुभएको र बहुमूल्य हुनुहुन्छ। ५ तिमीहरू पनि येशू ख्रीष्टद्वारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान चढ़ाउने पवित्र पूजाहारीगिरीको निम्ति जीवित पत्थरहरूझैं आत्मिक घर बन्दैजाओ। ६ किनभने धर्मशास्त्रमा भनिएको छ, "हेर, सियोनमा एउटा छानिएको र बहुमूल्य कुने-ढुङ्गो म बसाल्छु, र जसले उहाँमाथि विश्वास गर्छ त्यो शर्ममा पर्नेछैन।" ७ यसकारण तिमीहरू जसले विश्वास गर्छौ तिमीहरूका निम्ति त उहाँ बहुमूल्य हुनुहुन्छ, तर विश्वास नगर्नेहरूका निम्ति चाहिँ, " जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गा बन्यो।"

पवित्र आत्माद्वारा नै हामी परमपिता सनातन परमेश्वरको नजिक आउन सक्छौं। हामीहरूको चट्टान येशू ख्रीष्ट हुनुहुन्छ। उहाँ नै हामीहरूको मुक्तिको जग हुनुहुन्छ। चर्चका अरू सबै पाटपुर्जाहरू जो हामी हौं उहाँ त्यस जगरूपी येशूमा निर्माण भएका हौं।

जब विश्वासीहरूको व्यक्तिगत जीवनमा पवित्र आत्मालाई काम गर्न दिइन्छ तब त्यसबाट एक विशेष समुदायको रचना हुन्छ त्यसलाई चर्च भनिन्छ। पहिलो कुरो त हामी येशूमामात्रै विश्वासद्वारा हामीले मुक्तिको अनुभव गर्न सक्छौं। त्यसपछि परमेश्वरको प्रेमले हामीहरूका हृदयहरूमा छुन्छ। अनि पवित्र आत्माद्वारा नै हामीहरूको एक आपसको जीवनको सम्बन्धमा सुमधुर मिठासको वातावरणमा भिजिन जान्छौं। प्रेरित पावलले कोरन्थीहरूलाई लेखेका पत्रको अन्त्यमा भन्दछन् "१४ प्रभु येशू ख्रीष्टको अनुग्रह, परमेश्वरको प्रेम र पवित्र आत्माको सङ्गति तिमीहरू सबैसँग रहून्।" २ Corinthians १३:१४ (रूपान्तरित)।

व्यक्ति व्यक्ति विश्वासीहरू निर्माण गर्ने ईंटाहरू जस्तै हुन्। उहाँको आत्माद्वारा नयाँ चर्चको निर्माण गर्न उहाँले तिनीहरूलाई प्रयोग गर्नुहुन्छ (एफिसी २:२२)। त्यसकारण यदि हामी येशूका अनुयायीहरू वा भक्तहरू भनेर दावी गर्छौं भने हरतरहबाट हामीहरू एक हुन प्रयास गर्नुपर्छ। येशूको शान्तिले एकताको सुत्रमा हामीहरूलाई बाँधि राख्न जरुरी छ (एफिसी ४:३)। हामीहरूले अरू विश्वासीहरूसँग पारस्परिक एकता जनाउन भरमग्दुर प्रयत्न गर्नु आवश्यक छ। त्यसको अर्थ यो पनि होइन कि हामीहरू एक आपसमा मिल्नुपर्छ भन्दैमा एक आपसलाई दवाउने वा असत्य सिद्धान्तहरूलाई अङ्गाल्ने भनेको होइन।

प्रेरित पावलले कलस्सी ३:१२-१७मा येशूभक्तहरूले एक आपसमा कस्तो व्यवहार गर्नुपर्छ भनेर निर्देशन कोरेका छन्। त्यो नीति यदि सबैले पालन गर्न खोजे चर्चको एकतामा कसरी सहयोग हुनसक्छ? विश्वासीहरूको बीचमा पारस्परिक भातृप्रेम देखाउन किन आवश्यक छ जसले गर्दा अरू मानिसहरूले चर्चमा एकता भएको देख्न सकुन्? हेर्नुहोस्: "१२ यसकारण परमेश्वरका चुनिएकाहरू, पवित्र र प्रिय भएर तिमीहरूले करुणा, दया, दीनता, नम्रता र धैर्य धारण गर। १३ एउटाले अर्कालाई सहने गर, कुनै मानिसको विरुद्धमा केही दोषको कारण छ भने, एक-अर्कालाई क्षमा गर्ने गर। जसरी प्रभुले तिमीहरूलाई क्षमा गर्नुभएको छ, त्यसरी तिमीहरूले पनि क्षमा गर्नुपर्छ। १४ यी सबैभन्दा बढ़ी बरु प्रेम धारण गर, जसले सबै थोकलाई सम्पूर्ण एकतामा एकसाथ बाँध्छ। १५ ख्रीष्टको शान्तिले तिमीहरूका हृदयमा राज्य गरोस्। साँच्चै, तिमीहरू त्यसको निम्ति एउटै शरीरमा बोलाइएका थियौ। तिमीहरू धन्यवादी होओ। १६ ख्रीष्टको वचन तिमीहरूमा प्रशस्ततासँग वास गरोस्। पूरा बुद्धिमानीसाथ एउटाले अर्कालाई सिकाओ र अर्ती देओ, र परमेश्वरप्रति आफ्नो हृदयमा रहेको कृतज्ञतासाथ भजन, स्तुति र आत्मिक गान गाओ। १७ कुरा वा काममा जे-जे गर्छौ, सबै कुरा उहाँद्वारा नै परमेश्वर पितालाई धन्यवाद चढ़ाउँदै प्रभु येशूको नाउँमा गर।"

## २. पवित्र आत्माले बप्तिस्माद्वारा हामीहरू एक बनाउनुहुन्छ (१ कोरन्थी १२:१३)

बप्तिस्माको बिधिद्वारा हामी येशू ख्रीष्ट र पवित्र आत्मामा एक कसरी बनाइन्छ भनेर १ कोरन्थी १२:१३मा कसरी बताइएको छ? हेर्नुहोस् "हामी

यहूदी भए पनि, ग्रीक भए पनि, कमारा भए पनि, स्वतन्त्र भए पनि हामीले एउटै पवित्र आत्माद्वारा बप्तिस्मा पाएकोले एउटै शरीर भएका छौं अनि हामी सबैले एउटै आत्माबाट पिएका छौं।"

हामी येशूमा विश्वास गर्नेहरू एउटै शरीर बन्नमा पवित्र आत्माले सहयोग गर्नुहुन्छ। त्यो शरीरलाई चर्च भनिन्छ। बप्तिस्माद्वारा हामी ख्रीष्टको आत्मिक राज्यमा प्रवेश गर्दछौं। हामी स्थानीय चर्चको सदस्य बन्न बप्तिस्मा लिन्छौं। त्यसकारण बप्तिस्माद्वारा चर्चका अरू विश्वासीहरूसँग सम्बन्धको सुत्रमा हामी बाँधिन्छौं र तिनीहरू पनि हामीसँग। यो सम्बन्ध राख्ने प्रक्रिया चर्चमा हुन्छ। येशूका विश्वासी भक्तहरू एक्लै बस्न नसकिने भएकोले नै चर्चको र एक आपसको आवश्यकता भएको हो। हामी सबैलाई एक आपसको मद्दत, सहयोग, हौशलाको आवश्यक छ। हामी एक्ले परमेश्वरको नाउँ जपेर उहाँको काम गर्न सक्दैनौं। त्यसैले उहाँको काम सामूहिक भएर गरुन् भनेर चर्चको सृजना भएको हो। येशू ख्रीष्टलाई पछ्याउनु भनेको चर्चका अरू विश्वासीहरूसँग उहाँमा रहेको जीवन बाँड्नु हो। त्यसैकारण बप्तिस्मा गोप्य नभएर सार्वजनिक हुन्छ। हामी येशूलाई पछ्याउन निर्णय गर्‍यौं भनेर बप्तिस्माद्वारा सार्वजनिक रूपमा घोषणा गर्दछौं। चर्चको जीवनसँग हातेमालो गरेर चल्दा पनि हामी येशू ख्रीष्टका भक्त हौं भनेर देखाउँदछौं।

बप्तिस्मा केको प्रतिक हो भनेर पावलले रोमी ६:१-७मा यसरी बताउँछन्, "१ त्यसो भए हामीले के भन्ने? के परमेश्वरको अनुग्रह धेरै पाइरहन हामी पाप गरिरहौं त? २ अहँ, त्यसो गर्नुहुँदैन। पापको लागि त हामी मुर्दा हौं, मुर्दा कसरी अब पाप गरेर जिउन सक्छ? ३ तिमीहरूलाई थाहै छ, हामीले ख्रीष्टमा बप्तिस्मा पाउँदा उहाँसँगै एक भएर मर्‍यौं। ४ हामी पनि उहाँसँगै बप्तिस्माद्वारा मरेर गाडियौं। शक्तिशाली परमेश्वर पिताले आफ्नो महिमाद्वारा येशू ख्रीष्टलाई मरेकोबाट बिउँताउनुभयो। त्यसो हुँदा हामी पनि पुरानो जीवन छोडेर नयाँ जीवनमा ख्रीष्टजस्तै जिउनेछौं। ५ किनभने उहाँको मृत्युमा हामी एक भयौं भने उहाँसँगै मरेकोबाट बिउँतिदा पनि एक हुनेछौं। ६ हामीलाई यो थाहा छ, पापले राज्य गरेको जीवन नाश होस् र हामी पापको कैदी भइरहनुनपरोस् भनेर हाम्रो पुरानो जीवन ख्रीष्टसँगै क्रूसमा मारिएको छ ७ किनभने मरिसकेको मानिस पापको कैदबाट छुटेको हुन्छ। ८ ख्रीष्टसँगै मर्‍यौं भने उहाँसँगै बाँच्ने पनि छौं भनेर हामी विश्वास गर्दछौं।"

पानीरूपी चिहानमा डुबाएर हामीलाई येशूसँगै गाडिएका छौं भनेर बप्तिस्माको प्रक्रियाले बताउँछ। अनि जब हामी पानीबाट निस्कन्छौं तब हामीहरूका प्रभु र मुक्तिदाताको सत्सङ्गमा एक हुन नयाँ जीवन पाएर पुनरुत्थान भएका छौं भनेर देखाउँछौं।

पुरानो जीवन र पुरानो जीवनशैली हामीले क्रुसमा टाँगिएर त्यसलाई मारीसकेकाछौं भनेर सार्वजनिकरूपमा घोषणा गर्न बप्तिस्माको प्रतिकले बताउँछ। येशू ख्रीष्टलाई हामीहरूको मुक्तिदाता हुनुहुन्छ भनेर सार्वजनिकरूपमा घोषणा गर्न बप्तिस्माले नै गर्दछ।

"संसारलाई त्यागेको भनेर बप्तिस्माद्वारा जनाउ दिने काम अत्यन्त गम्भिर काम हो। पापको जीवनमा हामी मरिसकेका छौं भनेर बप्तिस्माको प्रतिकले देखाउँछ। विश्वासीहरूलाई पानीले छोप्दछ। येशू ख्रीष्टमा नयाँ जीवन बिताउँछु भनेर वप्तिस्माद्वारा नै हामी बाचा बाँध्छौं। यो वाचा हामीले सारा स्वर्ग र जगतको सामु बाँध्छौं। परमेश्वर पिता, पुत्र र पवित्र आत्माको नाउँमा विश्वासीलाई पानीको चिहानमा गाडिन्छ। अनि परमेश्वरका आज्ञाहरूहरू शिरोपर गरेर विश्वासको नयाँ जीवन बिताउन त्यस व्यक्तिलाई पानीबाट बौराइन्छ।"-एलेन जी ह्वाइटको टिप्पणी, द एसडिए बाइबल कमेन्टरी, ठेली ६, १०७४बाट रूपान्तरित।

येशूमाथि आस्था तथा भरोसा राखेर हामी चलेका छौं भनेर बप्तिस्माको विधिले सकारात्मकरूपमा कदम चालेको देखाउँछ। परमेश्वरको हुन र पिता, पुत्र र पवित्र आत्माको अधिकारमा बस्न चाहने सबैले बप्तिस्मा लिनु आवश्यक छ। अर्को शब्दमा भन्ने हो भने हामी सत्यरूपमा पश्चाताप अर्थात् पापबाट तर्किएका छौं भनेर बप्तिस्माको बिधिले देखाउँछ। पापको पुरानो जीवनलाई त्यागेर नयाँ कदममा लम्किरहेकाछौं भनेर देखाउने सही प्रतिक बप्तिस्मा हो। येशू ख्रीष्टमा उत्तम जीवन बिताउन हामी परिवर्तन भएका छौं भनेर बप्तिस्माद्वारा देखाउँछौं। अर्को शब्दमा भन्ने हो भने हामी परमेश्वरसँग करार बाँधेका छौं अर्थात् सम्झौता गरेका छौं भनेर देखाउने चिन्ह बप्तिस्मा हो। हामी विश्वासी भएर परमेश्वरप्रति बफादार हुन र उहाँका आज्ञाहरू पालन गर्न प्रतिज्ञा गर्दछौं। उहाँको सहायतामा हामी भर पर्न सक्छौं भनेर पनि परमेश्वरले हामीलाई प्रतिज्ञा दिनुहुन्छ।

के तपाईंले बप्तिस्मा लिन निर्णय गर्नुभएको छ? यदि गर्नुभएको छैन भने बप्तिस्माद्वारा उहाँलाई पछ्याउन केले तपाईंलाई रोकि राखेको छ? के

तपाईं बप्तिस्मा लिइसक्नुभएको छ? येशू ख्रीष्टसँगको आत्मिक हिंडाईमा बप्तिस्माद्वारा तपाईं कसरी फरक हुनुभएको छ भनेर अनुभव गर्नुभएको छ?

## ३. बाइबलको माध्यमबाट नै चर्चलाई एकताको सुत्रमा ल्याउने काम पवित्र आत्माको हो (प्रेरित १७:११)

येशू ख्रीष्टको पक्का भक्त वा अनुयायी हुन् भनेर देखाउन देहायका पदहरूले बताउँछन्। येशू ख्रीष्टलाई औंल्याउँन बाइबल नै किन जरुरी छ भनेर ती पदहरू पढेर आभास् पाउनुहोस्। ती पदहरू पढेर प्रभु येशूलाई बफादारीसाथ पछ्याउन बाइबलको सहयोगको अपरिहार्यता वा आवश्यकतालाई कसरी औंल्याउँछ? हेर्नुहोस्: प्रेरित १७:१०-१२ "१० रात पर्ने बित्तिकै प्रभुमा विश्वास गर्ने दाजुभाइहरूले पावल र सिलासलाई बेरिया सहरमा पठाए। त्यहाँ आइपुगेर उनीहरू यहूदीहरूको सभाघरमा गए। ११ त्यहाँका मानिसहरू थेसलोनिकीका मानिसहरूभन्दा धेरै असल थिए। तिनीहरूले परमेश्वरको प्रचार एकदम मीठो मानेर सुने। पावलले भनेका कुरा मिल्छ कि मिल्दैन भनेर तिनीहरूले दिनहुँ धर्मशास्त्र पढेर जाँच्थे। १२ धेरै यहूदीहरूले प्रभुमा विश्वास गरे। त्यसै गरी नाउँ चलेका निकै ग्रीक स्त्री र ग्रीक पुरुषहरूले समेत प्रभुमाथि विश्वास गरे।", यूहन्ना ५:३९,४५-४७ "धर्मशास्त्रमा अनन्त जीवन पाइन्छ भनी तिमीहरू त्यहाँ खोजी गर्दछौ र धर्मशास्त्रले नै मेरो बारेमा बताउँछ।...४५ "म तिमीहरूलाई पिताको अगाडि दोष लगाउनेछु भन्ने नसम्झ। तिमीहरूले मोशालाई भरोसा गरेका छौ, तर उनले नै तिमीहरूलाई दोष लगाउनेछन्। ४६ तिमीहरूले साँच्चै मोशालाई विश्वास गरेका भए मलाई पनि विश्वास गर्नेथियौ किनभने उनले त मेरो बारेमा लेखेका थिए! ४७ तर तिमीहरू उनले लेखेका कुराहरू नै विश्वास गर्दैनौ भने मैले भनेका कुरामा कसरी विश्वास गर्न सकौला र? " र यूहन्ना ८:३१,३२ "३१ येशूले उहाँमाथि विश्वास गर्ने यहूदी अगुवाहरूलाई भन्नुभयो, "मेरो शिक्षालाई मानिरह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ ३२ अनि तिमीहरूले सत्य चिन्नेछौ सत्यले तिमीहरूलाई छुट्कारा दिनेछ।"

परमेश्वरको लेखिएको वचन बाइबलबाट पवित्र आत्माले हामीलाई येशू ख्रीष्टको घेरामा पार्नुहुन्छ र हामीलाई उहाँसँग एक बनाउनुहुन्छ। येशूलाई चिन्ह र परमेश्वरको चाहना वा योजनालाई थाहा पाउन बाइबल अत्यन्त विश्वासीलो स्रोत हो। त्यसकारण येशूभक्तको जीवनमा बाइबल पढ्नु र

त्यहाँका अमूल्य पदहरूलाई कण्ठ गर्नु अत्यन्त आवश्यक छ। परमेश्वरको वचन बाइबल हामीहरूको निम्ति मात्रै हो। आत्मिक सत्यता र गलत शिक्षालाई औंल्याउने औजार बाइबल नै हो। बेरियाका मानिसहरूलाई पावलले ठूलो सराहना गरेका थिए (प्रेरित १७:११)। तिनीहरू असल वा आदर्श व्यक्तिहरू थिए भनेर पावलले तिनीहरूको प्रशंसा गरेका थिए किनभने तिनीहरूले बाइबल अध्ययन गरेका थिए र तिनीहरूले सुनेका कुराहरू सत्य हो कि होइन भनेर बाइबलबाट नै जाँचेका थिए।

त्यसकारण, चर्चमा चाहिने नयाँ जीवन र असल वा आदर्श हुन परिवर्तन हुन चाहन्छ भने त्यो बाइबलमा नै आधारित हुनुपर्छ। किनभने हामीहरूको विश्वासको जग नै बाइबल हो। येशूप्रति हामीहरूको प्रेम र उहाँको लिखित वचन बाइबलप्रतिको प्रेमले हामीहरूलाई येशू ख्रीष्टसँग बुनाइ दिन्छ।

यूहन्ना १७:१३-२२ पढ्नुहोस्। विश्वास अर्थात् परमेश्वरमाथि आस्था राखेर एक हुन ती पदहरूबाट येशूले बताउनुहुन्छ। जब विश्वासीहरू विश्वासमा एक भएर देखाउँछन् तब त्यो हामीहरू येशूका भक्तहरू हौं भनेर देखाउने चिन्ह हो भनेर येशूले किटानी गर्नुभएको छ। यूहन्ना १७:१७ अनुसार विश्वासीहरूको बीचमा विश्वासमा एक हुन कुन कारणले हो भनेर बताएको पढ्नुहोस् "१३ "तर अब म तपाईंकहाँ आइरहेछु। संसारमा हुँदा यी कुरा म बोल्दछु, कि तिनीहरूमा मेरो आनन्द पूरा होस्। १४ मैले तिनीहरूलाई तपाईंको वचन दिएँ, तर संसारले तिनीहरूलाई घृणा गऱ्यो, किनकि तिनीहरू संसारका होइनन्, जसरी म संसारको होइनँ। १५ तपाईंले तिनीहरूलाई संसारबाट लैजानुहोस् भनी म प्रार्थना गर्दिनँ, तर तिनीहरूलाई दुष्टबाट सुरक्षित राखिदिनुहोस्। १६ तिनीहरू संसारका होइनन्, जस्तो म पनि संसारको होइनँ। *१७ तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो। १८ जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरूलाई संसारमा पठाएको छु। १९ तिनीहरूका खातिर म आफैलाई पवित्र पार्दछु, ताकि तिनीहरू पनि सत्यतामा पवित्र होऊन्। २० "म यिनीहरूका निम्ति मात्र प्रार्थना गर्दिनँ, तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु, २१ कि तिनीहरू सबै एक होऊन्। हे पिता, जसरी तपाईं ममा हुनुहुन्छ, र म तपाईंमा, त्यसरी तिनीहरू पनि हामीमा होऊन्, र तपाईंले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस्।* २२ जुन महिमा

तपाईंले मलाई दिनुभएको छ, मैले तिनीहरूलाई दिएको छु, ताकि हामी एक भएझैं तिनीहरू पनि एक होऊन्। २३ म तिनीहरूमा, अनि तपाईं ममा, र तिनीहरू पूर्ण रूपले एक होऊन्, र तपाईंले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस्।"

परमेश्वरको वचन सत्य हो (यूहन्ना १७:१७, भजन ११९:१६० "१६० तपाईंका सम्पूर्ण वचनहरू सत्य छन्, र तपाईंका सबै धार्मिक नियमहरू अनन्तका छन्।")। र चर्चमा विश्वासीहरूलाई एकताको सुत्रमा बाँधिराख्ने काम परमेश्वरको लिखित वचनद्वारा पवित्र आत्माले गर्ने काम हो। पवित्र आत्माले बाइबलप्रति र बाइबलको दैविक अधिकारप्रति शङ्का गर्न, आलोचना गर्न, त्यसबाट छोडाउन र त्यसलाई कमसल बनाई त्यसको अवमूल्यन गर्न कहिले पनि डोऱ्याउनुहुन्न। प्रभु येशू जीवित वचन भएकोले पवित्र आत्माले नै हामीहरूको ध्यान उहाँमा केन्द्रित बनाउनुहुन्छ। उहाँका आज्ञाहरू शिरोपर गर्न चाहना र बाइबलसम्मत चल्न तिब्र इच्छालाई सधैं पल्हाउने काम पवित्र आत्माले गर्नुहुन्छ।

कुनै स्थानीय स्तरमा मात्र नभएर वा कुनै एउटा देशको निम्तिमात्र नभएर सारा संसारमा फैलिएको हामीहरूको विश्वासको स्रोत बाइबल हो। यदि हामीहरूको विश्वास हामीहरूलाई परमेश्वरले दिनुभएको वचन सत्य भनेर बाइबल नै हो भनेर मान्न कमजोरी भयौं भने त्यसको नतिजा के होला? चर्चमा भएको एकतालाई त्यसले तहसनहस अर्थात नाश पारि दिन्छ।

बाइबल पढ्न तपाईंले कतिको समय दिनुहुन्छ? अझ त्यो भन्दा आवश्यक प्रश्न त बाइबलले सिकाएका शिक्षाहरूलाई पूर्णरूपमा पालन गर्न तपाईंले कसरी सिक्नसक्नुहुन्छ?

## ४. चर्चमा विश्वास र शिक्षादीक्षमा एक बनाइ राख्न पवित्र आत्माको भूमिका (एफिसी ४:५,६)

"प्रभु एउटै हुनुहुन्छ, हामीहरूको आस्था वा विश्वास एकमात्र छ र एउटामात्र बप्तिस्मा छ। एउटैमात्र परमेश्वर र सबैका पिता हुनुहुन्छ।" (एफिसी ४:५,६ रूपान्तरित)। "उहाँ सर्वोपरि हुनुहुन्छ र सबै थोक उहाँद्वारा हुन्छ। तिमीहरू सबैमा उहाँ हुनुहुन्छ" (एफिसी ४:५,६ रूपान्तरित)।

विश्वासमा एक हुनु भनेको के हो भनेर यहाँ पावलले के भनिरहेकाछन्? त्यो एकता कहाँबाट आउँछ भनेर उनले जिकिर गर्दछन्?

परमेश्वरको वचनमा बफादारी भएर बसेको कारणले नै विश्वास र आस्थामा एक हुन्छ। हिजो, आज, र सधैँभरि प्रभु त्यही हुनुहुन्छ। प्रत्येक व्यक्तिलाई उहाँले आत्मिक बन्धनमा राख्नुहुन्छ। त्यो बन्धनको नतिजाले नयाँ जन्म हुन्छ। नयाँ जन्म हुन चाहिने शक्ति पवित्र आत्माले दिनुहुन्छ। परमेश्वरको वचन पालन गर्नको निम्ति चाहिने सहयोग उहाँले नै गर्नुहुन्छ। ती तत्वहरूबाट हामीलाई परमेश्वरप्रतिको आस्थामा एक हुन डोऱ्याउँछ। हामीले समुच्चरूपमा जे विश्वास गर्छौं वा जे शिक्षादीक्षा चर्चबाट सिक्छौं त्यसलाई व्यवहारमा उतार्न पवित्र आत्माले नै सहयोग गर्नुहुन्छ। त्यसले गर्दा अन्तमा विश्वासीहरूको बीचमा भएका मतभेदद्वारा एकआपसमा अलगिएको सम्बन्धबाट सबैलाई माथि राख्न सक्षम् बनाउँछ।

आफ्नो वचन पालन गर्न परमेश्वर हामीलाई आह्वान गर्नुहुन्छ। सबैसँग मिलेर बस्न र शान्तिसँग रहन परमेश्वर चाहनुहुन्छ। त्यसको लागि हामीले जे गर्न पनि तयार हुनुपर्छ (रोमी १२:१८)। वास्तविक रूपमा भन्ने हो भने हामीहरूको विश्वासमा एक हुन र विश्वभरि हामीहरूको लक्ष्य पूरा गर्न चाहिने शक्ति हामीहरू आफैमा छैन। एकता भनेको कुनै कुरा हामीले गर्ने होइन। बरू यो पवित्र आत्माको बरदान हो। उहाँले नै प्रत्येक विश्वासीको जीवनमा र समुच्चरूपमा चर्चमा काम गर्नुहुन्छ।

हामीहरूको सबै शिक्षादीक्षा वा विश्वासहरूको जग परमेश्वरको वचन हो। उहाँको वचनले हामीहरू चर्चको माध्यमबाट एक हुन सहायता गर्दछ। पवित्र आत्मा र परमेश्वरको वचन एक आपसमा सहमत छन्। बाइबलले सिकाएको शिक्षामा पवित्र आत्माले एकवैधता जनाउनुहुन्छ। त्यसकारण पवित्र आत्मा र परमेश्वरको वचनलाई हामीले सँगसँगै पछ्याउनुपर्छ। यदि हामीले एकलाई पन्छाएर अर्कोलाई अङ्गाल्यौं भने के हुन्छ? तब हामी आत्मिक खतरामा गाभिन जान्छौं। जोशको भरमा पवित्र आत्मालाई पछ्याउने तर परमेश्वरको वचनलाई वेवास्ता गरियो भने हामीहरू गलत शिक्षाको जालोमा पर्छौं। त्यतिमात्र होइन हामी गलत व्यवहारमा पर्न उत्तेजित हुन सक्छौं। फेरि त्यसैवखत हामी बाइबललाई पछ्याउने तर पवित्र आत्माको शक्तिलाई अश्वीकार गऱ्यौं भने बाइबलको प्रभावकारिता वा शक्तिलाई हामीले तल्लो

स्तरमा झार्दछौं। अन्तमा केवल एक प्रभु हुनुहुन्छ। केवल एकमात्र आस्था वा विश्वास छ। ती दुवैले एउटा बप्तिस्मामा डोऱ्याउँछन्।

परमेश्वरको वचन पढेर हामीहरूको आस्थालाई आनन्दसँग जगाइराख्नुपर्छ। त्यसले गर्दामात्र चर्चमा एकता भएको हामीले देख्न समर्थ हुन्छौं। हामीहरूको चर्चले सिकाएका शिक्षादीक्षा र आस्थामा एक हुन सक्यौं भने परमेश्वरको काममा हामी एक हुन डोऱ्याउँदछ।

"हामीहरूको एक प्रभु हुनुहुन्छ। हामीहरूको विश्वास अर्थात् आस्था एकै हुन्। हामीहरूको बप्तिस्मा एकै हो। येशू ख्रीष्टको सुसमाचार सबै वर्ग तथा जातिहरूमा पुऱ्याउनुको लागि हो। संसारका सबै देशहरूमा त्यो पुऱ्याउनुको निम्ति दिइएको हो। विभिन्न भाषाहरू बोल्ने मानिसहरूको बीचमा सुसमाचार सुनाउन दिइएको हो। सारा संसारका मानिसहरूलाई महान् बन्धुत्वमा ल्याउने काम सुसमाचारलाई सुम्पिएको छ। हामीहरूको अनुकरणीय वा आदर्श उदाहरण केवल एकमात्र हुनुहुन्छ जो येशू हुन्। हामीहरूको सोचबिचारमा, भावना र क्रियाकलापमा हामी उहाँजस्तै हुनुपर्दछ। अनि हामी सिद्धरूपमा तालमेल गरेर चल्न सक्दछौं। विभिन्न राष्ट्रका सबै मानिसहरू येशू ख्रीष्टमा एक हुनेछन्। तिनीहरूको मनस्थित सबैको एकै हुनेछ। तिनीहरूले गर्ने निर्णय एउटै हुनेछ। तिनीहरू सबैले एकै बोलि बोल्नेछन्। तिनीहरू सबै एक भएर एउटै मुखले परमेश्वरको महिमा गर्नेछन्।"-एलेन जी ह्वाइट, *आवर हाई हलिङ्ग*, पृ. १७१बाट रूपान्तरित।

एलेन जी. ह्वाइटको सारगर्भित भनाई फेरि हेर्नुहोस्। अरूले के गर्छ र अरूले तपाईंको बारेमा के भन्छ र सोच्छ त्यसको पर्वाह नगर्नुहोस्। बरू तपाईं आफूले आफैलाई सोच्नुहोस्: चर्चमा एकता हुने गौरवमय र अचम्मको लक्ष्यमा पुऱ्याउन मैले के गर्नुपर्छ?"

## ५. परमेश्वरको काममा चर्चलाई एकै गाँठोमा बाँधि राख्न पवित्र आत्माले सहयोग गर्नुहुन्छ (प्रेरित २:१६-२१)

नयाँ करारका विश्वासीहरूमाथि पवित्र आत्मा खनिएका थिए भनेर प्रेरित २ अध्यायमा उल्लेख गरिएको छ। त्यसको परिणाम कस्तो थियो? हेर्नुहोस्: "१ पेन्तिकोस भनिने यहूदी चाड हुँदा प्रभु येशूमा विश्वास गर्ने सबै मानिसहरू एकै ठाउँमा भेला भएका थिए। २ त्यस बेला एक्कासि आकाशबाट ठूलो हावा चल्यो र त्यो हावाको आवाजले तिनीहरू बसेको घर भरियो ३ अनि

आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे। ती आगोका जिब्राहरू भाग-
भाग भएर त्यहाँ भएका सबै मानिसमाथि बसे। ४ तिनीहरू सबै पवित्र
आत्माले भरिए र तिनीहरूले पवित्र आत्माबाटै बोल्ने शक्ति पाएर अन्य
भाषाहरूमा बोल्न थाले। ५ त्यस समयमा यरूशलेममा संसारका विभिन्न
ठाउँबाट यहूदीहरू आएका थिए। तिनीहरू परमेश्वरको डर मान्ने मानिसहरू
थिए। ६ यस्तो हल्ला सुनेर मानिसहरू चारैतिरबाट उठेर आए र त्यहाँ ठूलो
भीड लाग्यो। ती विभिन्न ठाउँबाट आएका यहूदीहरूले चाहिँ आ-आफ्ना भाषा
बोलिरहेको सुने। ७ तिनीहरू ज्यादै छक्क परेर भन्न लागे, "के यी बोल्ने
मानिसहरू सबै गालीलीहरू होइनन् र? ८ तब यो कस्तो अचम्म! यिनीहरूले
बोलेको भाषा त हामी विभिन्न देशबाट आएका मानिसहरूले आ-आफ्नै देशको
भाषामा बोलिरहेको सुन्दै छौं! ९ हामीहरूचाहिँ पार्थीहरू, मादीहरू, एलामीहरू,
मेसोपोटामियाका, यहूदियाका, कापाडोकियाका, पोन्टस, एशिया, १०
फ्रिगिया, पामफिलिया, मिश्रदेश, कुरेनीको छेउछाउका लिबियाका क्षेत्रहरू,
रोम सहर, ११ क्रेट टापू र अरब देशबाट आएका मानिसहरू हौं। हामी चाहे
यहूदी हौं, चाहे यहूदी धर्म लिएका अर्को जातका मानिस हौं, यिनीहरूले
परमेश्वरले गर्नुहुने महान् कामहरूको बारेमा बोलेको चाहिँ आ-आफ्नै भाषामा
सुन्दै छौं।" १२ यसरी अचम्म र अलमल्ल परेर तिनीहरू एकले अर्कोसँग
"यो के हो? भनेर सोधपुछ गर्न लागे। १३ तर कति जनाले चाहिँ तिनीहरूको
हाँसो उडाउँदै भने, "यिनीहरू त धेरै जाँड खाएर मातेका पो छन् क्यारे! "
१४ तब पत्रुस र अरू एघार प्रेरितहरू सँगै उभिए र पत्रुसले सबैले सुन्ने गरी
भन्न लागे, "हे यहूदी साथी र यरूशलेममा बस्ने दाजुभाइहरू हो, यहाँ के
भएको हो, त्यो म तपाईंहरूलाई बुझाउनेछु। अब मैले भन्न लागेका कुराहरू
ध्यान दिएर सुन्नुहोस्। १५ तपाईंहरूले सोचेजस्तो यिनीहरू मातेका होइनन्।
अहिले त नौ मात्रै बज्दैछ। १६ तर यही कुरा हुनेछ भनेर योएल
अगमवक्ताले धर्मशास्त्रमा यसरी लेखेका थिए"। हे यहूदी साथीहरू, ध्यान
दिएर सुन्नुहोस्। १७ परमेश्वर भन्नुहुन्छ, "आखिरी दिनहरूमा म सबै
मानिसहरूमाथि मेरो आत्मा खन्याउनेछु अनि तिमीहरूका छोरा-छोरीहरूले
अगमवाणी बोल्नेछन्, युवाहरूले दर्शन देख्नेछन् र बुढापाकाहरूले चाहिँ सपना
देख्नेछन्। १८ अँ, ती दिनमा म मेरा सेवा गर्ने पुरुष र स्त्रीहरूमाथि आफ्नो
आत्मा खन्याउनेछु अनि तिनीहरूले अगमवाणी बोल्नेछन्।

१९ माथि आकाश मण्डलमा म अचम्मका चिन्हहरू देखाउनेछु र तल पृथ्वीमा अचम्मका कामहरू गर्नेछु। रगत, आगो र धुवाँका बादल देखापर्नेछन्। २० प्रभुको त्यो महान् उज्यालो दिन आउनुभन्दा अगाडि सूर्य अँध्यारो भइजानेछ र चन्द्र रगतजस्तो रातो हुनेछ। २१ तर त्यस बेला प्रभुको नाउँ लिनेहरू जतिले चाहिँ उद्धार पाउनेछन्"।

संसारको इतिहासमा परमेश्वरको बारेमा सुसमाचार सुनाउन विश्वासीहरूलाई शक्तिसम्पन्न गराउने जिम्मेवारी पवित्र आत्माको थियो। यदि सानै झुण्ड नै किन नहोस्, यदि तिनीहरू परमेश्वरको प्रेममा एक भयो भने उहाँले कति धेरै काम गर्नसक्नुहुन्छ भनेर माथिको कथाले देखाउँछ। तर जतिसुकै ठूलो समूह किन नहोस् यदि तिनीहरूका हृदयहरू बिभाजित छन् भने तिनीहरूबाट काम गर्न परमेश्वरलाई असजिलो पर्दछ। यदि हामीहरूको सम्पूर्ण जीवन, बल, दक्षताहरू र हामीमा भएका सबै थोकहरू उहाँलाई सुम्पयौं भने परमेश्वरले अझ ठूलो काम हामीबाट गर्न सक्नुहुन्छ।

सबै विश्वासीहरू एक भएको कारणले नयाँ करारको चर्च द्रुतरूपमा अघि बढेको थियो। तिनीहरू विश्वासमा, जीवन अर्पणमा र सेवामा एक थिए। सुरूमा विश्वासीहरूको झुण्ड सानो थियो र डराउँथ्यो। तर परमेश्वरले तिनीहरूलाई अत्यन्त शक्तिशाली आत्मिक सैनिक जत्थामा परिवर्तन गर्नुभयो। यसले गर्दा तिनीहरू विभिन्न संकृति, धर्म, जाति र भाषाका मानिसहरूकहाँ पुग्न सफल भए। र परमेश्वरका अचम्म कुराहरू भन्न तिनीहरू सबै एकै भएका थिए (प्रेरित २:११)।

नयाँ करारमा काम गर्नुभएको त्यही परमेश्वर संसारको अन्तमा पनि काम गरिरहनुहुनेछ। तर येशू दोस्रो पल्ट आउनुभन्दा अघि सुसमाचार सुनाउने काम फत्ते गर्नु जरुरी छ।

नयाँ करारका विश्वासीहरू अरू कुन् कुन् तरिकाहरूले तिनीहरू एक भएका थिए भनेर देखाएका थिए? हेर्नुहोस् प्रेरित २:४२-४७ "४२ तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे। ४३ हरेकको हृदयमा भय उत्पन्न भयो, र प्रेरितहरूद्वारा धेरै अचम्मका काम र चिन्हहरू भए। ४४ विश्वास गर्नेहरू जति सबै एकसाथ बस्थे, र तिनीहरूका सबै थोक साझा थिए। ४५ तिनीहरूले आफ्ना सम्पत्ति र मालसामान बेचिकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँड़िदिन्थे। ४६ तिनीहरू एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे,

र घर-घरमा रोटी भाँच्थे, र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे,
४७ र परमेश्वरको प्रशंसा गर्दै, र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे।
उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुहुन्थ्यो।"

विभिन्न कारणहरूले सुरूको चर्च एक भएर खडा भएको थियो। प्रथमतः तिनीहरू बाइबल अध्ययनमा एक थिए। प्रेरितका शिक्षादीक्षाहरू सिक्न र तिनीहरूलाई पछ्याउन आफूहरूलाई पूरा रूपमा सुम्पेका थिए (प्रेरित २:४२)। दोस्रोमा, तिनीहरूको चर्चको जीवनमा एक थिए। तेस्रो, तिनीहरू एक आपसमा खाना बाँडे, जसको अर्थ तिनीहरू सत्सङ्गमा एक थिए (प्रेरित २:४२)। चौथौंमा, तिनीहरू मिलिजुली प्रार्थनामा एक भएका थिए। पाचौं, तिनीहरू परमेश्वरको महिमा गर्न एक भएका थिए (प्रेरित २:४७)। छैटौं, आवश्यक परेकाहरूको सेवा गर्न तिनीहरू एक भएका थिए। सातौं, आफूहरूसँग भएका थोकहरू एक आपसमा स्वतन्त्ररूपमा बाँडेका थिए (प्रेरित २:४४,४५)। त्यसकारण हामीहरूपनि चर्चको हैशियतले मिलिजुली बाइबल पढ्न राजी हुनुपर्छ। अनि अरूहरूलाई सुसमाचार सुनाउन अग्रसर हुनेछौं र अरूहरूलाई सहायता गर्न पनि इच्छुक हुनेछौं। हामीहरूको वरिपरि रहेकाहरूको आवश्यकता थाहा दिन पवित्र आत्माले हामीहरूको आँखा खोलिदिनुहुनेछ।

तपाईंको स्थानीय चर्चले परमेश्वरको निम्ति सेवा वा कामहरू के केही उदाहरणहरू छन्? तिनीहरूले तपाईं चर्चमा एक भएको एकता भएको कसरी देखाउँछ? अरू के के कामहरू गर्न सकिन्छ?

**उपसंहारः**

थप जानकारीः “हामीले गर्नुपर्ने कामहरू यी हुन्। कुनै विशेष कुरा हुन हामीहरू पर्खनुहुन्न। बरू हामीहरूमा भएका अवसरहरूलाई जतिसक्यौ त्यति उपयोग गर्नुपर्दछ। मानिसहरू परमेश्वरको राज्यमा पस्न सकुन् भनेर हामीहरूले सक्दो प्रयास गर्नुपर्दछ। हामीबाट परमेश्वरले लुकाएका रहस्यहरूलाई उघार्न खोज्न समय बिताएर हामीहरूको समयलाई बरबाद गर्नुहुन्न। बरू, पवित्र आत्माको बशमा रहन आफूलाई उहाँमा सुम्पनु पर्दछ। परमेश्वरले हामीहरूलाई दिनुभएको काम गर्नै पर्छ। सत्यको निम्ति भोको रहेर मर्न लागेकाहरूलाई जीवनको रोटी दिनैपर्छ।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजेज्,* बुक २, पृ. १८६बाट रूपान्तरित।

"प्रत्येक व्यक्तिले अरूमाथि प्रभाव पार्न शक्तिको चाहना गर्छ। तर आफूहरूलाई पूरारूपमा परमेश्वरको बशमा राख्न दियो भने मात्र अरूलाई नियन्त्रण वा दमन गर्ने आदतबाट सुरक्षित हुन्छ भन्ने नीति परमेश्वरका जनहरूले देख्नु अति आवश्यक छ। परमेश्वरको अनुग्रहले मानिसहरूको हृदय परिवर्तन हुन्छ। अझ नदेखिएका एकतालाई त्यसले डोऱ्याउनेछ। जो जो येशू ख्रीष्टमा आफ्ना जीवनहरू सुम्पन्छन् तिनीहरू एक आपसमा हातेमालो गर्न एक हुन्छन्। तिनीहरू कार्यगतमा एक हुन्छन् वा काममा तालमेल गरेर चल्दछन्। पवित्र आत्माले विश्वासमा एक हुन सृजनुहुनेछ।"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेज, बुक ३, पृ. २०,२१बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. एलेन जी ह्वाइटले "प्रत्येक मानिस अरूमाथि आफ्नो प्रभाव दाल्न शक्तिको चाहना गर्छ" भन्नुभएको अर्थ के हो? अरूलाई दमन गर्ने चाहना हामी मानिसहरूको स्वभावैमा किन छ? हामीहरूको जीवनमा त्यो नहुन कसरी लड्न सिक्ने? (फिलिप्पी २:३-६ "३ स्वार्थ वा अहङ्कारमा केही नगर, तर नम्रतामा एउटाले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान। ४ तिमीहरू हरेकले आफ्नै हित मात्र नखोज, तर अरूका हितलाई पनि हेर। ५ तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो।"

आ. कतिले यो तर्क गर्दछन् कि सेवामा एक भए पुगिहाल्छ नी किन विश्वासमा एक हुनुपऱ्यो त? चर्चका शिक्षादीक्षाहरूले गरेर नै मानिसहरू बिभाजित भएका हुन्छन् भनेर तिनीहरू तर्क गर्छन्। त्यसकारण परमेश्वरको काममा चर्चका शिक्षादीक्षाहरूलाई महत्त्वपूर्ण स्थान दिनुहुँदैन भनेर ती मानिसहरूले सोच्दछन्। तर हामीहरूका आस्था र शिक्षादीक्षामा एक हुन किन आवश्यक छ? हामीहरूको आस्था परमेश्वरमा एक भएन भने उहाँको निम्ति काम गर्न किन एक आपसमा तालमेल हुनसक्दैन? एक आपसमा भएका विश्वास बाँड्दा परमेश्वरको निम्ति काम गर्न एक भएर जुट्ने प्रभावकारी औजार कसरी हुन सक्छ?

इ. फेरि त्यसै बखत फरक विश्वासको निम्ति हामीहरूको हृदयमा कसरी स्थान दिने? सत्यलाई एकनासले केही मानिसहरूमात्र बुझ्न सक्छन्। तर चर्च भएको हैशियले हामीहरूको विश्वासमा कसरी एक हुने? फेरि त्यसैबखत हामीहरूको विभिन्न फरक सानोतिनो सोचले गर्दा एक आपसमा नछुट्टिन के गर्ने? तपाईंको स्थानीय चर्चमा कतिपय मानिसहरूका सोचहरू फरक होलान्, यद्यपि, चर्चको हैशियतले कसरी तपाईंको चर्च एक भएर बस्न सम्वभ भइरहेको छ?

ई. चर्चलाई एकताको सुत्रमा राख्न बाइबल एक महत्त्वपूर्ण औजार कसरी बनाउन सकिन्छ? जब हामी बाइबल अत्ययन गर्दछौं त्यसबेला हामीहरूको सोच र भावनाहरू कस्तो हुनुपर्छ जसले गर्दा विश्वास र परमेश्वरको काममा हामी एक भएर बस्न सकौं?